म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३0/0६५/0७0

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ | अङ्क:- ५५ | २०८१ पुस २७ गते शनिबार 11 January 2025, Saturday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## गाँजासहित एकजना पक्राउ

हेटौंडाः लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले राक्सिराङ्ग गाउँपालिका-१ का ४९ वर्षीय रामलाल मोक्तानलाई हेटौंडाबाट पक्राउ गरेको छ। हेटौंडा-३, तीनताप्केस्थित पूर्व-पश्चिम राजमार्गमा सवारी साधनको सुरक्षाजाँच गर्ने क्रममा बिहीबार बिहान ११ बजेर ४० मिनेटको समयमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको बा प्र ०३-००१ ख २५७२ नम्बरको यात्रुबाहक बसमा सवार मोक्तानको साथबाट प्रहरीले ८ किलो लागूऔषध गाँजा बरामद गरेको भएको छ । गाँजासहित मोक्तानलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालतबाट ७ दिनको थप म्याद लिएर अनुसन्धान गरिरहेको प्रहरीको भनाई छ।

# अभिभावक भेट्न घर दैलो धाउँदै शिक्षक



*विद्यार्थीको नतीजासहित घरदैलो कार्यक्रममा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडा : विद्यालय शिक्षामा शिक्षक-विद्यार्थीसँगै अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ। अभिभावकको सहभागिता, सक्रियता र सहयोग बिना प्रभावकारी शिक्षा र सिकाई हुन नसक्ने बुझ्रै हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयका शिक्षकले अभिभावकलाई भेट्न, अभिभावकको भूमिका बुझाउन अर्धवार्षिक परीक्षाको नतीजासहित घरदैलो गरेका छन् ।

अर्धवार्षिक परीक्षाको नतिजा सार्वजनिक गर्दै विद्यार्थीको अवस्था विश्लेषण गर्न, अभिभावकको भूमिका बुझाउन विद्यालयमै बोलाउने गरिएको थियो । विद्यालयमा अभिभावकको उपस्थिति न्यून रहने र नतीजा तथा विद्यार्थीको अवस्थाको प्रभावकारी विश्लेषण सम्भव नभएपछि शिक्षक नै नतीजा बोकेर अभिभावकलाई भेट्न घरदैलोमा हिँडेको प्रधानाध्यापक मालती उप्रेतीले जानकारी दिनुभएको छ। कक्षागत रुपमा परीक्षाको नतिजा सार्वजनिक गर्दै विद्यार्थीको घरमै पुग्ने प्रयास गरिएको प्रधानाध्यापक उप्रेतीको भनाइ छ ।

विद्यालयले गत शुक्रबारदेखि अर्धवार्षिक परीक्षाको नतिजा कक्षागत रुपमा सार्वजनिक गर्न सुरु गरेको थियो। तर, केही अभिभावक उपस्थित नभएपछि विद्यार्थीको परीक्षाको नतिजासहित घरमै पुगेर अभिभावकसँग छलफल गर्न सुरु गरिएको प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभयो । अभिभावकलाई विद्यालयमा आउन विद्यालयले पठाएको पत्र विद्यार्थीले आफ्ना अभिभावकलाई नदिने र घरको काममा व्यस्त भएको भन्दै अभिभावक अनुपस्थित हुने गरेको उहाँले बताउनुभयो।

घरदैलोका क्रममा अभिभावकसँग छलफल गर्दा कतिपय विद्यार्थीले पढ्न नमान्ने, मोबाइल चलाउने र बिहान छिटो उठ्न नमान्ने जस्ता गुनासो अभिभावकको रहेको प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभएको छ । एक साताभित्र कक्षागत रुपमा परीक्षाको नतिजा सार्वजनिक गरिसक्ने प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभयो। अमर माविमा ५९ जना विद्यार्थीले कक्षा-१० को अर्धवार्षिक परीक्षा दिएका थिए । नतीजा सार्वजनिक गर्दा ४२ जना विद्यार्थीका अभिभावक मात्रै विद्यालय आएका थिए । विद्यालयमा उपस्थितिका लागि पत्राचार गर्दा पनि उपस्थित नभएका अभिभावकलाई भेट्न शिक्षक आफैं विद्यार्थीको घरमा पुग्न बाध्य भएको उहाँको भनाई छ ।

घरदैलो कार्यक्रममा अभिभावकसँगको छलफल तथा सुझाव संकलनपछि विद्यालयले कक्षा-१० मा अध्ययनरत् विद्यार्थीका लागि माघ २ गतेबाट बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म विद्यालयमै पढ्ने वातावरण मिलाउँदै छ । बिहान २ घण्टा किताब पढ्ने त्यसपछि अतिरिक्त कक्षा र पुनः बेलुका ५ बजेपछि किताब पढ्न लगाउने गरी विद्यार्थीलाई विद्यालयमै राख्ने व्यवस्था मिलाइने उहाँको भनाई छ। अमर माविमा ५ सय ४२ जना विद्यार्थीले अर्धवार्षिक परीक्षा दिँदा २१ जना विद्यार्थी भने अनुपस्थित रहेको विद्यालयले जनाएको छ । परीक्षा दिन छुटेका विद्यार्थीका लागि बिहीबारबाट परीक्षा दिने व्यवस्था मिलाइएको प्रअ उप्रेतीले जानकारी दिनुभयो ।

# २० वर्षभन्दा कम उमेरमै गर्भवती !

समाज संवाददाता

हेटौंडा : नेपालको कानूनले २० वर्षभन्दा कम उमेरमा विवाह गर्नुलाई दण्डनीय मानेको छ। अविवाहित महिला गर्भवती हुने अवस्थालाई सामान्यतः नेपाली समाजले कल्पना समेत गर्दैन । २० वर्ष भन्दा कम उमेरमा गर्भवती हुनु महिलाको शारीरिक, मानसिक, व्यक्तिगत विकासका हिसाबले उपयुक्त नहुने निश्कर्षका साथ विवाहको उमेर २० वर्ष कायम गरिएको हो । तर, कानूनमा उल्लेख भए विपरित २० वर्षभन्दा कम उमेरमा विवाह मात्रै नभई गर्भवती समेत भइरहेका छन् ।

मकवानपुरको बागमती गाउँपालिकाले आयोजना गरेको अल्ट्रासाउण्ड (भिडियो एक्सरे) सेवा शिविरमा २७ जना २० वर्षभन्दा कम



*गर्भवती महिलाको अल्ट्रासाउण्ड गरिँदै ।*

उमेरकी किशोरीले गर्भ परीक्षण गराएका छन् । बागमती गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख दिनेश कुमार गुप्ताका अनुसार अल्ट्रासाउण्ड शिविरमा ९६ महिलाले गर्भ परीक्षण गराउँदा २० वर्ष भन्दा कम उमेरका २७ जनाले गर्भ परीक्षण गराएका छन् । बागमती गाउँपालिका १ नम्बर वडाका ३ जना, २ नम्बर वडाका ७ जना, ३ नम्बर वडाका १ जना, ४ नम्बर वडाका २ जना, ५ नम्बर वडाका ४ जना, ६ नम्बर वडाका ६ जना र ७ नम्बर वडाका ४ जना गर्भवती २० वर्षभन्दा कम उमेरका थिए । पुस ५ गतेबाट बागमती गाउँपालिका-२ स्थित राईगाउँ स्वास्थ्य चौकीमा गर्भवती परीक्षण शिविरको आयोजना गरिएको थियो। गाउँपालिकाले हरेक महिना ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गर्दै आएको गुप्ताले जानकारी दिनुभयो। यस्तै ८ र ९ नम्बर वडाका गर्भवतीका लागि भने पालिकाले आइतबारसम्ममा अल्ट्रासाउण्ड सेवा प्रदान गर्नेछ ।

## थाहा नगरको हिउँदे अधिवेशन सम्पन्न

# विपद् प्रभावित पूर्वाधार मर्मतमा बजेट व्यवस्थापन

समाज संवाददाता

हेटौंडा : मकवानपुरको थाहा नगर पालिकाले विपद् प्रभावित क्षेत्रलाई समेट्ने गरी चालु आर्थिक वर्षको बजेट संशोधन गरेको छ। थाहा नगरपालिकाको शुक्रबार सम्पन्न नगर सभाले विपद्बाट क्षति पुगेका महत्वपूर्ण सडक पूर्वाधारको मर्मतका बजेट शिर्षक संशोधन गरेको हो।

नगरसभाले विपद्बाट क्षति व्यहोरेको सडक पूर्वाधार खुलाउन तथा मर्मतका लागि १ करोड ३६ लाख रुपैयाँ बजेट रकमान्तर गर्ने गरी बजेट संशोधन गरेको थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त रकम विपद् प्रभावित सडक पूर्वाधारको अवरोध हटाउन लागेको खर्चको भुक्तानी गर्ने गरी संशोधन गरिएको हो ।

नगरसभाले केही आयोजनाहरु कार्यान्वयनका लागि संशोधन गर्ने निर्णय गरेको उहाँले बताउनुभयो। कार्यपालिका र विभिन्न विषयगत समितिले गरेका निर्णयहरु पनि नगरसभाबाट अनुमोदन गरिएको प्रमुख विष्टले जानकारी दिनुभयो। नगरसभाले चालु आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदन माथि छलफल गर्दै स्वीकृत गरेको छ।










# चित्रकला





**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट**
**हेटौंडा-४**






**प्रशन्न ढकाल**
**कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४**

# विद्यार्थी जीवन



**पवित्रा कार्की**

विद्यार्थी जीवनमा आउँछ धेरै सङ्घर्ष
सङ्घर्षमा सफलता भए हुन्छ हर्षैहर्ष ।

विद्यार्थीले गर्छन् दुःख अघि बढ्नलाई
उन्नति र प्रगतिको शिखर चढ्नलाई ।

विद्यार्थीको जीवनमा आउँछ धेरै कस्टहरु
अप्ठ्यारोलाई पार गर्दा बाटोमा छेक्छन् दुष्टहरु ।

विद्यार्थीले गनुर्पर्छ आँसुलाई सम्मान
डोऱ्याउन सक्नु पर्छ सुनौलो बिहान ।

धेरै मिहिनेत गरी पढ्नुपर्छ हामीले
भविष्यको सही बाटोमा पुग्नु पर्छ हामीले ।

विद्यार्थी आफ्नो अनुशासनमा सधै बस्नुपर्छ
अनुशासन भनेको के हो ? सिक्नु सिकाउनुपर्छ ।

भोलिको देश बनाउने जिम्मा विद्यार्थीले लिनुपर्छ
आफ्नो देशको रक्षा गर्न जीवन दिनुपर्छ ।

ज्ञानआर्जन भएपछि जिउने बाटो खोज्नुपर्छ
आफ्नो भविष्यको रेखा आफैले नै कोर्नुपर्छ ।

विद्यार्थीले आफ्नो काम आफैं गर्नुपर्छ
विद्यार्थीले आफ्ना लागि आफैंले अघि सर्नुपर्छ ।

विद्यार्थीको जीवनमा धेरै जिम्मेवारी हुन्छ
त्यस जिम्मेवारीलाई आफैंले निभाउनुपर्छ ।

भनिन्छ नि आजको कोपिला भोलिको फूल
आजको विद्यार्थी भोलिको देश निर्माणको युवक ।

*कक्षा-९, श्रमिक मावि, हेटौंडा-४*

# किताबघर



**सहज ढोडारी**

आजको दिन सहज र प्रिन्सको मित्रता अझ प्रगाढ हुने अवसर हो । प्रिन्सले सहजलाई पुस्तकालय जाने विचार ल्याउँछन्, जसले सहजलाई न्यानो र अनौठो महसुस गराउँछ । प्रिन्सको पुस्तकालय जानका लागि उत्साह र सहजको जिज्ञासाले यो छोटो यात्राले ज्ञान र मित्रता बढाउने एउटा अनौठो अवसर बनाउँछ ।

सहजः शुभप्रभात, प्रिन्स ।

प्रिन्सः शुभप्रभात, सहज । के छ तिम्रो खबर ? तिमीलाई ठिक छ नि ?

सहजः ठीक छ, तिमीलाई चाहिँ कस्तो छ नि ?

प्रिन्सः म पनि ठीक छु । तिम्रो आज फुर्सद छ र ?

सहजः छ । किन ? के भयो र ? कतै जान मन लाग्यो कि क्या हो ।

प्रिन्सः आज शनिबार हो अनि खाना खाएर एकछिन् भैरवरोडको किताबघर जाउँ कि भनेको । एक्लै भएर तिमीलाई सम्झेको हुँ । तिमी पनि मसँग जान्छौ कि भनेर सोध्न लागेको ?

सहजः हे, अन्तै जाऔं न । किन त्यही जानुपऱ्यो र भन्या । बरु हुप्चौर जाऔं खेल्न । हुन्न र ?

प्रिन्सः खेल्दा फाइदाचाहिँ हुन्छ तर तत्काल मात्र हुन्छ । पुस्तक पढ्दा धेरै ज्ञान पाइन्छ जसले जीवनभर फाइदा गर्छ नि । किताबमा नै डुबुल्की मार्ने हो भने पौडी खेल्दाभन्दा बढी आनन्द र रमाइलो हुन्छ नि ।

सहजः ए, हो र ? मैले त विचारचाहिँ गरेको तर यति गम्भीर भएरचाहिँ होइन ।

प्रिन्सः त्यसो भए हिँड, मसँगै पुस्तकालयतिर ।

सहजः जाऔं न, त जाऔं ।

प्रिन्सः ल जाऔं ।

सहजः हैन भने, अब त

*कक्षा-३, नवोदय शिशु सदन, हेटौंडा-४*

# अभ्यास



**कृतिका हुमागाई**

कोपिलासँगै फूल तिम्रो हुनसक्छ
फूलसहित तिमीले काँडा रोज्नपनि सक्छ
तिम्रो शब्दले अरुलाई कोप्न सक्छ
खरानीसँगै अस्तित्व मेट्न सक्छ
दियोको तेल मेटिन सक्छ
जलाईएको दियो निकै नाम हुनसक्छ

दाग अरुको नाम तिम्रो हुनसक्छ
तिम्रो नाम फेरी गुमनाम हुनसक्छ
तिम्रो पछि अर्काको पालो हुनसक्छ
तिमीले राखेको विश्वास अरुको घात हुनसक्छ

तिम्रो भोक अरुको चामलको मान हुनसक्छ
चाल तिम्रो बाजी अरुको हुनसक्छ
मन्तव्य राख्न नपाउँदै तिम्रो टुंगिन सक्छ

कुनै दौडमा छौ तिमी
चर्तिकला तिम्रो प्रतिक्रिया अरुको हुन सक्छ
चलिरहेका कुरा तिम्रै हुनसक्छ

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय*
*हेटौंडा-२*

## गाउँखाने कथा

**१. चोरले एक नारीलाई दिन सक्छिन्, प्यार, सुराक लगाई एक प्रहरी आयो, कुटी–कुटी मजा चखायो, एक एक गर्दै सबैलाई तिनै कुवामा खसाल्यो ।**
- **क्यारमबोर्डको खेल**

**२. आयो भन्छन् सबैजना कतै कोही छैन, सुन्दा आयो स्वावासी घरमा छैन ।**
- **भूँइचालो**

**३. जति गऱ्यो उति बढ्ने बस्छु धेरै माथि, राती भने हाँसेर बस्ने सबको साथी ।**
- **तारा**

**४. पश्चिममा लुकेका दाइ पूर्वबाट आए, ठूला साना सबैसँग माया प्रिती लाए ।**
- **सूर्य**

**५. देखिन्न त्यो कतै पनि हुन्छ हाम्रै साथ, त्यो नभई हुँदै हुन्न दिनहोस् या रात ।**
- **हावा**

# नराम्रो पेसा

**कथा**



**अन्शुमन कुँवर**

एकादेशमा एउटा मनिस नेपाल चोक भन्ने ठाउँमा बस्थ्यो । त्यो मानिस धेरै असल र स्वभिमानी थियो । त्यो मानिस सबै क्रियाकलापमा अनुभव थियो तर त्यो मानिससँग ध्यान थिएन । त्यो मनिस जहिले पनि ध्यानकै बारेमा सोँच्थ्यो । त्यो मानिसको ध्यान आर्जन गर्नका लागि धेरै मिहिनेत र संघर्ष गरिरहन्थ्यो तर उ सफलताको शिखरमा पुग्न अझै सकिरहेका थिएनन् ।

त्यो मानिस विहान विद्यालय जान्थ्यो र बेलुका आफ्नो काम गर्ने तर्फ लाग्थ्यो । यसरी नै दिनहरु बित्दै गयो र एक दिन त्यो मानिसले एउटा योजना बनायो । उसले मनमनै भन्यो म अब चोरी गर्छु । मैले चोरी गरें भनें मसँग धेरै धन हुन्छ । त्यो मानिसले आफ्नो योजना आफ्ना साथीहरुलाई पनि सुनायो । त्यो कुरा सुनेर उनका साथीहरु राजी हुन मानेनन् । तर पछि धनको कुरा आएपछि उसका साथीहरु पनि राजी भए । त्यो मानिसले उसका साथीहरु आफ्नो कुराहरु व्यक्त गरे । त्यो मानिसले भन्यो 'अब आउने एक हप्तामा सरकारले एउटा बैंक निर्माण गर्न थालेको छ त्यो सरकारले एक लाख त्यो बैंकमा जम्मा गर्ने भनेको छ ।

उसको कुरा सुनेर साथीहरु मन-मनै खुसी भए । त्यो मानिस चोरीको पेसामा धेरै अगाडि बढिसकेको थियो । ७ हप्ता पनि पूरा भयो र त्यो मानिस र उनका साथीहरु चोरी गर्न तयार भए । एक दिन पहिला त्यो मानिसले आफ्नो साथीहरुलाई हात हतियार दिएको थियो । जब त्यो मन्त्री बैंकको उद्घाटन गयो तब ति मानिस र उनका साथीहरुले एक चोटी हमला गऱ्यो ।

त्यहाँ मध्ये एक साथी सबै मानिसलाई आफ्नो घुँडा भुईमा राखेर बस्नु भनेर आग्रह गऱ्यो । उनका अन्य साथीहरु त्यो बैंकमा भएको पैसा निकाल्नतर्फ लागे उनीहरुले सबै पैसा निकाले पछि बढ्न तर्फ लाग्यो । उनीहरुले सबै पैसा बाँडिसकेपछि आ-आफ्नो बाटोतर्फ लाग्यो । त्यो मानिसले एक दिन बसमा चोरी गर्दा खेरी एउटा बन्दुक भेटायो । प्रहरीले प्रश्न गर्न नपाँउदै त्यो मानिस भाग्यो । त्यो मानिसलाई जति खेदाउँदा पनि फेला पार्न असफल रहे । दिन दिनै त्यो मानिसहरुलाई प्रहरीले खोजी गरी रहे । भनिन्छ नि झुटो कुरा कहिले लुक्दैन । त्यो मानिस समातियो ।

यस कथाको मुल सन्देश यो होकि हामीले कहिले पनि चोरी र लुटपाट जस्ता कामहरु गर्नुहुँदैन किनभने चोरी गऱ्यौं भने हामीमा नकारात्मक पेसा भएको मानिस भनेर चिनिनसक्छौं । अनि हामीले चोरी गऱ्यौं भने हामी अरुको नजरमा सधैं चोर हुन्छौं ।

*कक्षा-७, श्रमिक मावि, हेटौंडा-४*

# टुक्का



**कृष्ण कुमार वैद्य**

सुरुवात भयो चिसो मौसम शरद् ऋतुको,
चिसिन नदिनु मन कदापि कोही मितुको ।

शरद् ऋतुमा लस्करै आउँछ दशैं, तिहार,
चाडवाडमा ध्यान दिनुहोस् आहारविहार ।

विद्वान पनि छन् अरे अनेक थरीथरीका,
व्यवहारविना विद्वता मुड्ग्रो सरोबरीका ।

तिहारमा झझल्को आउँछ सप्तरङ्गी टीका,
यसपालि निधार खाली तिहार भयो फिका ।

कतै भने झिलिमिली झिल्ला कतै सुनसान,
हातमुख जोड्न धौधौ, छैन जोहो खानपान ।

प्यालेस्टिनी बच्चा भोक प्यासले भए वेहाल,
फासीवादी क्षेप्यास्त्र दागेर निम्त्याउँछ काल ।

अन्धविश्वास र आशंकाले डेरा जमाउँदा,
रोष जाग्छ दोष लाग्छ खतरस समाउँदा ।

तर्कवितर्क आँधी आए जिन्दगीको बारेमा,
जिल्लेकै लेखिन्छ गाथा लेखिन्न रैछ हारेमा ।

जन्मिए हुर्किए बढे यही धर्तीको माटोमा,
निर्वाह भयो जीवन उही बारीको पाटोमा ।

धर्तीपुत्र गर्छन् सदासर्वदा माटोको माया,
मर्न तयार हुन्छ पर्न दिन्न शत्रुको छाया ।

*बनेपा-९, काभ्रे*

# मेरो विद्यालय



**समीर लामिछाने**

सानो छ विद्यालय ठुलो छ पढाई
हामीले पढ्नुपर्छ यसैमा छ भलाई ।
विद्यालय हामी नियमित जान्नुपर्छ
विद्यालयको पोशाक अनिवार्य लगाउनु पर्छ ।

विद्यालयको गृहकार्य सधै गर्नुपर्छ
अनुशासित भएर हामी पढ्नु पर्छ ।
गुरुहरुले पढाउनु भएको वेलामा दिनुपर्छ ध्यान
हामीले ध्यान दियौं भने पाउँछौं धेरै ज्ञान ।

श्री कमला आधारभूत विद्यालय छ राम्रो
यसको संरक्षण गर्ने काम हाम्रो
मेरो विद्यालयमा विद्यार्थीहरु धेरै छन्
नजानेका कुराहरु शिक्षकसँग सोध्नछन्

मेरो विद्यालयमा विभिन्न खेलहरु खेलाउने ।
विद्यार्थीको पढाइ कमजोर भएमा अतिरिक्त कक्षा चलाउने
यस विद्यालयलाई हेर्न आउने वडा कार्यालय
मलाई प्यारो लाग्छ मेरो विद्यालय

समीर लामिछाने
कक्षा-७, कमला आधारभूत विद्यालय, हेटौंडा-१८

# एक साथी



**आदित्य खतिवडा**

सपना सँगै हुर्केका
हर्ष र विषादमा फर्केको
मनको आशा सदैव साथी
दुःखमा पनि साथ दिन्थ्यो साथी

सपना उडाउँथें, जो आशा बन्छ
साथीको साथ भनेको विश्वास हुन्छ
रात दिन हर्ष र गम्भीरताको मेल
सपना हाम्रो सङ्घर्षको खेल

कसम खाएर एक अर्कोका साथ
सपना पूरा गर्दै अगाडि बढ्न सक्छ
सपना र साथीको सँगैको यात्रामा
जीवन बन्नेछ, सुख, स्वर्णिमा जस्तै

*कक्षा-३, नवोदय शिशु सदन, हेटौंडा-४*

# बा



✍ विराज खड्का

आफू नाँगो गोडा, मलाई जूता लगाए ॥
आफू भोकै बसी, मलाई टन्न खुवाए ।
हरेक दिन जीवनमा नयाँ कुरा सिकाए ॥
आफू लडेर मलाई उठ्न सिकाए ।
तिमी आराम गर बा, अब संघर्ष गर्ने पालो मेरो ।

घरको जिम्मेवारी सम्हाली हिड्यौ अब हिड्ने पालो मेरो ॥
सुख दियौ तिमीले मलाई अब दिने पालो मेरो
बा म हरेक चोटि हार्न तयार तर त्यसमा जीत तिम्रो हुनुपर्छ ।
बा म दुनियाँसँग लड्न नी तयार तर मेरो शिरमा हात तिम्रो हुनुपर्छ

आफ्नो हरेक चाहना मनमै मारी मेरो लागि दिन रात परिश्रम गर्‍यौ
मेरो सबै इच्छा पूरा गर्न बा तिमी कतिदिन आफ्नो घरबाट टाढा बस्यौ
तिम्रो छोराले कुशल कार्य गर्नेछ
तिम्रो सिर उच्च राख्दै सफलता चुम्ने छ ॥

*कक्षा-१२, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय*
*हेटौंडा-४*

## राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लि.को

### वार्षिक साधारणसभासम्बन्धी सूचना

यस राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५औं वार्षिक साधारणसभा तपसील बमोजिम आयोजना हुने जानकारी गराउँदै सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई पत्राचार, एसएमएस, सञ्चारका विविध माध्यमबाट सूचित गरिएको छ । यदि कुनै कारणवस सूचना प्राप्त नभए यसै सूचनालाई आधार मानी साधारणसभामा सहभागिताका लागि अनुरोध गरिन्छ ।

**तपसील**
मिति : २०८१ पुस २७ गते शनिबार
समय : बिहान ११ बजे
स्थान : रोयल पार्टी प्यालेस

**अध्यक्ष**
**राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लि.**
**हेटौंडा, मकवानपुर**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि.

### २५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्थाको मिति २०८१/०८/११ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार २५ औं वार्षिक साधारण सभा तथा अधिवेशन तपसिल बमोजिम हुने भएकोले तोकिए अनुसार शेयर सदस्य ज्यूहरुको सक्रिय सहभागिताका लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**तपसिल**
१. संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षको आर्थिक प्रतिवेदन सम्बन्धमा ।
४. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. विनिमय, निर्वाचन निर्देशिका, कार्यविधि, नीति नियमावली सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा ।
८. विविध

**कार्यक्रमः**
मितिः २०८१/०९/२७ गते ।
स्थानः हेटौंडा–८, शुभम् पार्टी प्यालेस
समयः बिहान १०:०० बजे देखि ।

**पुनश्च**ः १. शेयर सदस्य ज्यूहरुले आफ्नो परिचय खुल्ने परिचय पत्र लिएर पाल्नु हुन र एस.ई.ई को मार्कसिट २०८१/०९/२२ गते भित्र संस्थामा बुझाउँनु हुन हार्दिक अनुरोध गर्दछौं ।
२. शेयर सदस्यज्यूहरु स्वयम् आफैं अनिवार्य उपस्थित हुन सादर अनुरोध गरिन्छ ।

**मोती लाल लामा**
**अध्यक्ष**

## शिक्षक आवश्यकता

*(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/२७)*

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०९/२३ को च.नं. १४०८ प्राप्त गाउँपालिका अनुदान शिक्षक पदपूर्तिको लागि प्राप्त विज्ञान अनुमति पत्र अनुसार र यस विद्यालयको मिति २०८१/०९/२३ गते बसेको बि.व्य.स. को बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक विद्यालय तहको अंग्रेजी विषयको गाउँपालिका अनुदान कोटामा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**तपशिल**
**१. विज्ञापन नं :- ०२/०८१/०८२**
२. संख्या : १ (एक)
३. दरबन्दी प्रकारः गाउँपालिका अनुदान कोटा
४. नियुक्तिको प्रकारः करार
५. योग्यताः मूख्य विषय अंग्रेजी लिई +२ वा सो सरह गरेको
६. तलब भत्ता : स्थानीय सरकारले तोके बमोजिम
७. निवेदन दस्तुरः रु. २०००/– (दुई हजार रुपैयाँ)
८. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
९. परीक्षाको किसिमः लिखित र अन्तरवार्ता
१०. दरखास्त दिने अन्तिम मितिः २०८१/१०/४ गते अपरान्ह ४:०० बजेसम्म
११. दरखास्त बुझाउने स्थानः श्री चौरा आधारभूत विद्यालय

**आवश्यक कागजात**
क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २/२ थान ।
ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २/२ थान ।
ग) हस्तलिखित निवेदन २/२ थान फाइलिङ्ग हुनुपर्ने ।
घ) अध्ययन अनुमति पत्रको प्रतिलिपी २/२ थान (अनिवार्य नरहेको)

**सम्पर्कः ९८६५४१२७५८ (वि.व्य.स. अध्यक्ष), ९८४९६८२९८२ (प्र.अ.)**

**श्री चौरा आधारभूत विद्यालय**
**बागमती गा.पा.–७, पाथिभरा**

"व्यवसायीको संस्था, व्यवसायीकै नीति, व्यवसायीकै नेतृत्व"
**मकवानपुर उद्योग वाणिज्य संघ**
**५८ औं साधारण सभा एवम् निर्वाचन**
(२०८१ पौष २४ देखि २७ गते)
VOTE
प्रमोद सिंह रानामगर प्यानलका
**वाणिज्य तर्फको उपाध्यक्ष**
पदको उम्मेदवार



**राम प्रसाद न्यौपाने**
**न्यु सजावट एण्ड सप्लायर्स**
लाई आफ्नो अमुल्य मत दिई अत्याधिक मतले विजयी गराऔं ।
**सम्पर्क : ९८५५०६८७८८**

## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?


यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**
**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**
**हेटौंडा-४, मकवानपुर**

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक**



# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशिः** लगानीमा रहेको धन फिर्ता आउने छ । विज्ञको साथ सहयोग प्राप्त होला । धार्मिक तथा दार्शनिक गतिविधिमा आकर्षण बढ्ने छ । कर्मसिद्धिको समय हो । अप्ठ्यारो परिस्थितिलाई पनि सहज बनाउन सकिएला । बन्दव्यापार र अध्ययन–अध्यापनमा समय व्यतित होला । राजनीतिमा त्यति फलदायी नहोला । मानसिक तनाब बढ्ला ।

**वृष राशिः** मिहिनेत र लगनशीलताको सुखद परिणाम पाइएला । व्यक्तिगत स्वास्थ्यमा समस्या आइपर्ला । सवारी साधन र फलामजन्यसँग होसियार राख्दा राम्रो होला । सुन र धनमालको संरक्षणमा ध्यान दिंदा राम्रो हुन्छ । आफूभन्दा ठूलाको सल्लाह लिँदा राम्रो । विवादसँग पछि हट्दा राम्रो होला । अध्ययन–अध्यापन र धार्मिक काममा सरिक भइएला ।

**मिथुन राशिः** व्यस्त दिनचर्याबाट टाढा रहने समय छ । आफूभित्रको चलाखीपन र बुद्धि कौशलका कारण चुनौति हल सकिने छ । व्यापार–व्यवसाय मध्यम रहला । वैदेशिक काम सम्पन्न होला । शिक्षार्थीका लागी खेलवाद र मनोरञ्जनमा अल्मलिएला । मन भावुक,हतास, र उदास बन्न सक्छ । स्वास्थ्य समस्या आइपर्न सक्छ । खानपानमा सजगता ।

**कर्कट राशिः** भोगविलासका कारण फन्दामा परिएला । मामा र आमाको सहयोगले काममा पूर्णता प्राप्त होला । आवेग, रिस र घमण्डलाई कन्ट्रोल गर्दा राम्रो । मनमा हर्ष र आनन्दको माहौल सिर्जना होला । घरायसी काममा साथीहरुको सहयोग लिन सकिनेछ । क्षमता प्रदर्शन गरी प्रतिष्ठा आर्जन गरिएला । धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।

**सिंह राशिः** समय ठिकै देखिन्छ । सम्झौँता गर्न अनुकूल समय छ । थोरै लगानीको दिगो लाभ हुने कामको थालनी होला । अनुभव र सीपप्रति आशावादी बनिएला । गरेका कर्म प्रति समर्पित भइने छ । प्राविधिक कामबाट लाभान्वित भइएला । खर्च बढ्ला । कल्पना र भावनामा रमाइएला । विवाद बढ्न सक्छ । मानसिक चिन्ता बढ्ने र पढाइ–लेखाइमा समय व्यतित होला । वैदेशिक क्रियाकलापबाट लाभ प्राप्त होला ।

**कन्या राशिः** उर्जा र साहसले सकारात्मक परिणाम प्राप्त होला । घरजग्गा, स्थिर सम्पत्ति र वाहनको व्यवस्थापन गर्ने मनसाय बन्नसक्छ । दौडधूप र भ्रमणमूलक कामबाट आर्थिक सन्तुलन कायम होला । नोकरी र सेवामूलक काम गर्नको लागी परिवारलाई पनि समय छुट्याउनुपर्ला । पढाइ–लेखाइ मध्यम देखिन्छ । धार्मिक सामाजिक र राजनैतिक क्रियाकलापमा सरिक भइएला । दाम्पत्य जीवन सम्पन्न ।

**तुला राशिः** समय मध्यमकारक देखिन्छ । अनावश्यक साइनो गाँसी नजिकिनेसँग सजग रहनुपर्ला । सामाजिक र परोपकारजन्य कामबाट आनन्दको अनुभूति हुनेछ । पारिवारीक र घरायसी प्रयोजनमा समय दिनुपर्ला । बन्दव्यापारबाट लाभ प्राप्त होला । स्वास्थ्य समस्या बढ्न सक्छ । परिश्रमको उत्कृष्ठ नतिजा प्राप्त होला । पढाइ–लेखाइ मध्यम छ ।

**वृश्चिक राशिः** आँटे ताकेका काममा सफलता प्राप्ति होला । दाजुभाइमा आत्मियता बढ्ला । प्रविधि र मुखकै भरमा आय आम्दानी बढाउँन सकिएला । कार्यक्षेत्र र व्यापार व्यवसायबाट त्यति लाभ नहोला । पराक्रम र प्रसिद्धिमा वृद्धि हुनेछ । बोलीमा विशेष बिचार पुर्‍याउँदा राम्रो । कला साहित्यमा मन जाला । पढाइ–लेखाइ ठिकै रहेको छ ।

**धनु रीशः** मित्रवर्ग र बान्धवको सहयोग जुटाएर कुनै काम निकाल्न सकिनेछ । भौतिक सामान खरिद गर्ने बाध्यात्मक परिस्थिति खडा हुनसक्छ । नयाँ मित्र बनाउन पाइने छ । शेयर कारोबार प्रति आकर्षण बढ्ला । भौतिक सुख र प्रतिष्ठान बृद्धिको चिन्ताले सताउने समय छ । महत्वकांक्षा बढ्नाले सन्तुष्टि नहुन सक्छ । जानकार व्यक्तिको सहयोग लिँदा राम्रो हुनेछ । धार्मिक र सामाजिक अनि राजनीतिमा सफलता होला । पढाइ–लेखाइ ठिकै छ ।

**मकर राशिः** नराम्रो समयको समाप्ति र सुधारात्मक समयको योग छ । कार्यक्षेत्र र कारोबारमा देखिएका समस्याहरु हल हुनेछन् । स्वास्थ्यमा क्रमश सुधार आउला । आध्यात्मिक र सामाजिक काममा सरिक भइएला । परोपकारजन्य काममा आकर्षण बढ्ला । शत्रु परास्त होलान् । व्यापारी र व्यवसायीका लागी सामान्य समय छ । अध्ययन र अध्यापनका काममा सरिक भइएला । अवरोधसँग लडिने समय छ ।

**कुम्भ राशिः** ज्ञानमूलक एवं बौद्धिक क्षेत्रका काममा ध्यान केन्द्रित हुनेछ । बौद्धिक क्रियाकलापबाट केही न केही लाभ लिन सकिनेछ । श्रममूलक काम गर्ने क्षेत्रमा समय व्यतित होला । सरकार र प्रशासनिक काममा केही छलफल मिल्न सक्छ । बन्दव्यापार मध्यमकारक रहला । मनमा नकारात्मक र हीन भावना बढ्न सक्छ । बाँकी बक्यौता उठाउँनु छ भने प्रयास गर्दा राम्रो । धार्मिक, सामाजिक र परोपकारजन्य कामबाट लाभ प्राप्त होला । श्रष्टा र संस्कृतिका बारेमा काम गरिएला ।

**मीन राशिः** व्यक्तिगत प्रतिष्ठा र बर्चस्व गरिएला । राजनीति र समाज सेवा नै कार्यक्षेत्र बन्ला अनि पदप्रतिष्ठा र सम्मानले तपाईको प्रतिक्षा गरिरहेको परिस्थिति छ । इष्टमित्रबाट सहयोग प्राप्त होला । हार्दिकता र भावनाका दृष्टिले भने कमजोर समय छ । सामाजिक र राजनैतिक काममा लगानी बढाउँनुपर्ला । बिशिष्ट व्यक्तित्वको सहयोग जुटाउँने दिन छ । पढाइ लेखाइ मध्यमकारक रहने समय छ । ताकेका काममा बाधा योग छ ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# बालज्योति माध्यमिक विद्यालयको खेलकुद सप्ताह सुरु



खेलकुद सप्ताहको उद्घाटन समारोहमा मार्सल आर्ट कला प्रस्तुत गर्दै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयको खेलकुद सप्ताह कार्यक्रम सुरु भएको छ । शुक्रबारबाट हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा पहिलो वार्षिक खेलकुद सप्ताह सुरु भएको हो । खेलकुद सप्ताहको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका निवर्तमान प्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्य तथा बालज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र पोखरेलको सभाध्यक्षमा भयो ।

नर्सरी कक्षादेखि १० कक्षासम्मका करिब १ हजार ५ सय विद्यार्थीको सहभागितामा आयोजना गरिएको खेलकुद कार्यक्रम आउँसो सोमबारसम्म सञ्चालन हुनेछ। सप्ताहमा निलो सदन, रातो सदन, पहेँलो सदन र हरियो सदन गरी चार सदनबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा फुटबल, रिले दौड, डोरी तान्ने, भलिबल, म्युजिकल चेयर लगायतका खेलहरु सञ्चालन हुनेछ ।

शुक्रबार मार्चपास, झाँकीसहितको नृत्य, तेक्वान्दोको काता प्रदर्शनी र बाजागाजासहित प्रतियोगिताको उद्घाटन गरिएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिने छ । प्रथम हुने सदनलाई ट्रफी प्रदान गरिने बताइएको छ । विद्यालयले यसै वर्षबाट खेलकुद सप्ताह आयोजना गर्न सुरु गरेको हो ।

खेलकुद सप्ताह उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै विद्यालयका प्रधानाध्यापक भरत अर्यालले खेलकुदले विद्यार्थीको अनुशासन र मनोबल बढाउने भएकोले प्रतियोगिताको आयोजना गरेको बताउनुभयो । बालज्योतिको इच्छा, गुणस्तरीय शिक्षा भन्ने नारालाई सार्थक बनाएर यस वर्षदेखि वार्षिक खेलकुद कार्यक्रमको आयोजना गर्न थालिएको उहाँले बताउनुभयो । विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउनका लागि नृत्य, गायन, मार्सल आर्ट, स्काउट र भाषण कला शिक्षकहरुको व्यवस्था गरिएको उहाँले बताउनुभयो । कार्यक्रममा वडाध्यक्ष सुशील घिमिरेको पनि आतिथ्य रहेको थियो ।

# उपचारको क्रममा मृत्यु

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, स्वस्तिकटोलमा आगोले पोलेर घाइते भएका वृद्धको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा ८१ वर्षीय तीर्थराज पौडेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पौडेल आइतबार साँझ ५ बजेको समयमा आफ्नै घरको छतमा आगो तापिरहेको बेला आगोले पोलेर शरीरको ५५ प्रतिशत भाग जलेको थियो। पौडेललाई भरतपुर अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा पौडेलको बिहीबार दिउँसो २ बजेर ५० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# गाँजासहित ३ जना भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौंडा : प्रहरीले लागूऔषध गाँजासहित ३ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। बारा जिल्लाको ईलाका प्रहरी कार्यालय प्रसौनीबाट प्रहरी निरीक्षक सुरेशराज भट्टको नेतृत्वमा खटिएको प्रहरी टोलीले १० किलो लागूऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको हो ।

बाराको प्रसौनी गाउँपालिका वडा नम्बर-५, स्थित प्रष्टोकाबाट बेलहियातर्फ जाँदै गरेको भारतीय नम्बर युपी ३२ बीएक्स ४७२६ नम्बरको बोलेरो गाडीलाई रोकेर सुरक्षाजाँच गर्दा गाँजा बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले भारतको उत्तर प्रदेशका ३८ वर्षीय धर्मेन्द्र गुप्ता, ३२ वर्षीय चन्द्रभान कुशवाह र ३२ वर्षीय चन्द्रभान श्रीवास्तवलाई नियन्त्रणमा लिएर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको बारा प्रहरीले जानकारी दिएको छ ।

# विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको सिन्धुली र दोलखा जिल्लामा विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ । प्रदेशको सिन्धुलीमा ३ जना र दोलखामा एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सिन्धुलीको कमलामाई नगरपालिका-८ सिस्नेरीमा कारको ठक्करबाट घाइते पैदलयात्रीको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा ३९ वर्षीय रमेश कार्की रहेको प्रहरीले जानकारी दिएको छ।

गत मंसिर १३ गते बिहान १० बजेर ५० मिनेटको समयमा बिपि राजमार्गमा बर्दिबासबाट सिन्धुलीतर्फ जाँदै गरेको बिए सी ३१४९ नम्बरको कारले कार्कीलाई ठक्कर दिएको थियो। दुर्घटनामा कार चालक सुनसरी जिल्लाको दुहवी नगरपालिका-४ का ६१ वर्षीय ओमराज गिरी र पैदलयात्री कार्की घाइते भएका थिए। घाइते दुबैजनालाई उपचारका लागि काठमाडौंस्थित ग्राण्डी हस्पिटल लगिएको थियो। उपचारको क्रममा कार्कीको बुधबार दिउँसो २ बजेर १० मिनेटको समयमा टिचिङ अस्पतालमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । चालक गिरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिन्धुली जिल्लाको कमलामाई नगर पालिका-८, माथिल्लो सिस्नेरीमा अटो आफैं अनियन्त्रित भई सडकको नालामा पल्टँदा अटो चालकको मृत्यु भएको छ । बुधबार बेलुका ८ बजेर ५ मिनेटको समयमा सिन्धुलीबाट भिमानतर्फ जाँदै गरेको ज १ ह ४१३१ नम्बरको अटो आफैं अनियन्त्रित पल्टिँदा चालक घाइते भएको प्रहरीले जानकारी दिएको छ। घाइते हुनेमा अटोचालक कमलामाई नगर पालिका-९ बस्ने ३४ वर्षीय हरी माझी र अटोमा सवार ५१ वर्षीय सुकवीर माझी थिए । घाइते दुबैलाई उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएकोमा राती ८ बजेर ३५ मिनेटको समयमा हरी माझीलाई डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको मरिण गाउँपालिका-१, भदौरेमा कच्ची बाटोबाट ७० मिटर तल खस्दा आधारभूत श्री विद्यालय भदौरेका कार्यालय सहयोगीको मृत्यु भएको छ । मृत्यु हुनेमा ३० वर्षीया मंगलीमाया राना रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार बिहान ९ बजेर ४० मिनेटको समयमा मंगलीमाया घरबाट विद्यालय भदौरेका लागि गएकी थिइन् । मंगली बेलुकासम्म घर नफर्केको र विद्यालय पनि नपुगेको सूचना पश्चात आफन्त र स्थानीयले खोजी गर्दै जाँदा भदौरेमा कच्ची सडकबाट ७० मिटर मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

दोलखा जिल्लाको शैलुङ गाउँपालिका-७, फस्कुमा एक जना बिरामी महिलाको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा २८ वर्षीया सुनमाला तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । सुनमालालाई सोमबार पेटको समस्याले बिरामी भई उपचारका लागि बुधबार बिहान ९ बजे फस्कु स्वास्थ्य चौकीमा लगिएको थियो । उपचारको क्रममा सुनमालाको दिउँसो १२ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।





















समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ